## मिति २०७९/५/२१ गतेको कार्यपालिका बैठक निर्णय

निर्णय नं. १) नेचासल्यान गाउपालिकाको एघारौ गाउ सभाको निर्णयानुसार चालु आर्थिक बर्ष ०७९/०८० मा संचालित निम्न योजना उल्लेखीत शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| सि.नं. | साविक योजनाको नाम | रकम | भुक्तानी गर्नुपर्ने योजनाको नाम | बिनियोजित रकम | बाँकी |
|---|---|---|---|---|---|
| १ | अनुसन्धान तथा विकास | १५,००,०००.० | कृषि/खाद्य सुरक्षा/पोषण सम्बन्धि सम्भाव्यता अध्ययय तथा कृषि सम्बन्धि परियोजना प्रस्ताव तयारी | ५००,०००.० | १९०,०००.० |
| | | | स्थानीय शिक्षा ऐन २०७५ को केहि सुधार, संशोधन तथा परिमार्जन | २२०,०००.० | |
| | | | मोवाइल स्वास्थ्य सामाग्रि ( किट बक्स) खरीद | २००,०००.० | |
| | | | श्री सगरमाथा आ.वि. नेचासल्यान १ मा शेर्पा भाषा शिक्षक व्यवस्थापन | ३९०,०००.० | |
| २ | सडक मर्मत कोष | २०,००,०००.० | गाउपालिकाका जोड्ने मुख्य सडकहरुको मर्मत संभार | ५००,०००.० | १५,००,०००.० |
| | | | | | |

निर्णय नं. २) गाउपालिका भित्र रहेका निम्न बिद्युतहरुको व्यवस्थित गरि संचालनका निम्ति हाल रहेको व्यवस्थापन/संचालन समिति नियमानुसार गठन/पूनर्गठन गरि आश्विन मसन्ता भित्र कार्यालयमा पेश गर्न सम्बन्धित वडा कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

क) तुइन्टार लघु जल बिद्युत योजना

ख) त्रिबेणि जल बिद्युत योजना

निर्णय नं. ३) नेचासल्यान गाउपालिका वडा नं. २ मा संचालित श्री वी.पी. संस्कृत मा.वि., सल्यानमा कक्षा १० सम्म संस्कृतधारका विषयहरु पठनपाठन हुँदै आएका र कक्षा ११ र १२ मा साधारणधार अन्तर्गतका विषयहरुमा पठनपाठनहुदै आएकोमा त्यस विद्यालयको मिति २०७९ असार २ गतेको विद्यालय व्यवस्थापन समितिको वैठकको निर्णय अनुसार शैक्षिक सत्र २०७९ बाट लागू हुने गरी संस्कृतधारका मात्र विषयहरु पठनपाठन गर्न पाउने अनुमति माग आएकोमा सोहि वमोजिम संस्कृतधारका विषयहरु पठनपाठन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।